# साकेला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ४ मितिः २०७५।०५।२६

# भाग-१

साकेला गाउँपालिकाद्धारा प्रकाशित

## साकेला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**गाउँसभाबाट स्वीकृत मितिः २०७५/०५/२६**

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम साकेला गाउँसभाले यो ऐन, बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम "**साकेला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन**, २०७५" रहेको छ ।

(२) यो ऐन साकेला गाउँपालिकाको क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले साकेला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले साकेला गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको "साकेला गाउँपालिका" सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ (१) बमोमिको गाउँ सभा सम्झनु पर्दछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन, अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(च) “स्थानीय कानुन” भन्नाले गाउँ सभाले बनाएको कानुन सम्झनु पर्दछ।

(छ) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

(ज) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

**३. ऐन, बनाउने अधिकारः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त साकेला गाउँपालिकाको सभाले आवश्यकता अनुसार ऐन बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम ऐन, बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान र ऐन अन्तरगत गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम आवश्यकता अनुसार नियम, विनियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**५. बचाउः-** यो ऐन लागु हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेका कानुन, ऐन, कार्यविधि निर्देशिका, मापदण्ड, यसै ऐन बमोजिम जारी भएको मानिनेछ।

**प्रमाणिकरण मितिः २०७५।०५।२८**

**आज्ञाले,**
**रविन मगर**
**प्रमुख प्रशासकीय अधिकृत**